# विदुर नगरपालिका भित्रका सामुदायिक विद्यालयहरूमा स्वयंसेवक शिक्षण सहायक व्यबस्थापन कार्यविधि र मापदण्ड

२०७६

प्रशतावनाः

नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी नेपालको संविधान २०७२ को अनुसूची ८ क्रमसंख्या ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) मा रहेको शिक्षा सम्बन्धी कार्य क्षेत्रलाई कार्यान्वयन गर्न नगरपालिकाको क्षेत्रभित्र हाल संञ्चालनमा रहेका  शैक्षिक संस्थाहरुको शुसासन, प्रभावकारी व्यबस्थापन, सार्वजनीक जवाफदेहिता, गुणस्तर निर्माण विकास गरि शिक्षामा सबैको पहुच बृद्धि गर्दे नैतिक, व्यबहारिक,व्यबसायिक र प्राविधिक शिक्षा तर्फ आकर्षित गराउदै स्वरोजगार बृद्धि गर्न नगरपालिकाको स्थानीय आवश्यकता परिपुर्ती गर्दे दीगो शैक्षिक विकासका लागि विद्यालय शिक्षाको प्रारम्भिक तह देखिनै गुणस्तरीय शिक्षा प्रदान गर्न न्युनतम मात्रामा भए पनि शिक्षक व्यबस्थापन गर्न वाञ्छनिय भएकाले नगरकार्यपालिकाको मिति २०७६।२।७ को बैठकबाट पारित गरि प्रस्तुत स्वयंसेवक शिक्षण सहायक व्यबस्थापन कार्यविधि र मापदण्ड २०७६ जारी गरिएको छ ।

## परिच्छेद १ः

प्रारम्भिक

**१. संक्षिप्त नाम र परिभाषा**

क. यस कार्यविधिको नाम स्वयंसेवक शिक्षण सहायक व्यबस्थापन कार्यविधि र मापदण्ड २०७६ रहेको छ ।

ख. यो कार्यविधि नगरपालिका क्षेत्रभरका सामुदायिक विद्यालयमा मात्र लागु हुनेछ ।

ग. यो कार्यविधि कार्यपालिकाले पारित गरेका मिति देखि प्रारम्भ हुनेछ ।

२.परिभाषाः विषय वा प्रसङगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. नगरपालिका भन्नाले नेपालको संविधान बमोजिम गठन भएको विदुर नगरपालिकालाई सम्झनु पर्छ ।

ख. कार्यपालिका भन्नाले विदुर नगरपालिका कार्यपालिकालाई सम्झनु पर्छ ।

ग. नगरशिक्षा समिति भन्नाले विदुर नगरपालिका शिक्षा नियमावली २०७४ को परिच्छेद ४ को दफा २४ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ ।

घ. स्वयंसेवक शिक्षण सहायक छनौट समिति भन्नाले नगरशिक्षा समितिले गठन गरेको समितिलाई सम्झनु पर्छ ।

ङ. स्वयंसेवक शिक्षण सहायक भन्नाले नगरपालिकाको आन्तरिक स्रोत बाट न्युनतम जीवन निर्वाह खर्च पाउने गरि तोकिएको मापदण्ड पुरा गरि नियुक्ति भएका शिक्षण सहायक लाई सम्झनु पर्छ ।

च. शिक्षा शाखा भन्नाले विदुर नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ ।

## परिच्छेद २ः

२.विद्यालय छनौटका आधारहरूः

क.शिक्षक विद्यार्थी अनुपात न्युनतम १ः२० रहेको

ख. बालबिकास कक्षालाई न्युनतम दुईवटा (नर्सरी र केजी) मानि सञ्चालन भई विदुर नगरपालिकाबाट निर्धारित पाठ्यपुस्तक लागु भएको ।

ग.बालविकास बाहेक अन्य राहत वा दरबन्दीको शिक्षक नरहेको ।

घ.आधारभूत तह (बालबिकास देखि कक्षा ५) सञ्चालन भएको विद्यालयमा ३ वा सो भन्दा कम दरबन्दी रहेको ।

माथि जे लेखिएको भएता पनि नगरपालिकाको भौगोलिक अवस्था, विद्यालय सेवा क्षेत्रको जनसंख्या र एक सामुदायिक विद्यालय देखि अर्को सामुदायिक विद्यालय विचको दुरि लाई आधार मानि नगर शिक्षा समितिले औचित्यपूर्ण निर्णय लिन सक्नेछ ।

## परिच्छेद ३:

**३.योग्यता**

क.नेपाली नागरिक

ख.१८ बर्ष उमेर पुरा भई ४० बर्ष ननाघेको ।

ग.मगज नबिग्रेको

घ.नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

ङ. भविश्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरि सेवा बाट बर्खास्त नगरिएको ।

च. आधारभूत तहको लागि कक्षा १२ उर्त्तीण र माध्यमिक तहको लागि सम्बन्धित विषयमा स्नातक तह उर्त्तीण ।

## परिच्छेद ४:

**४. उम्मेदवार छनौटका आधार**

क.पहिलो सुचि (सर्ट लिस्ट)

ख.लिखित तथा अर्न्तवार्ता

**पहिलो सुचि (सर्ट लिस्ट)का आधारहरू:**

क.माथिल्लो शैक्षिक योग्यता बापत ५ अङक

ख.शैक्षिक योग्यतामा प्राप्त गरेको श्रेणी बापत प्रथम ३, दित्तिय २ र तृत्तिय १ अङक

ग. विदुर नगरपालिकाको स्थानीय नागरिक ५ अङक

घ. तालिम प्राप्त बापत ७ अङक

**लिखित तथा अर्न्तवार्ता परिक्षा**

क. ४० पुर्णाङकको बहुबैकल्पिक प्रश्न

ख. ६० पुर्णाङकको लिखित परिक्षा

ग. २५ पुर्णाङकको अर्न्तवार्ता

घ. उत्तिर्णाङक न्युनतम ४० प्रतिशत अङक हुनेछ ।

## परिच्छेद ५:

५.सेवा सुविधा

क. स्वयंसेवक शिक्षण सहायक हरूका लागि कार्यपालिकाले तोके बमोजिम न्युनतम निर्वाह खर्च नगरपालिकाको आन्तरिक स्रोतबाट व्यबस्थापन हुनेछ ।

ख. सेवा अवधिः नगरशिक्षा समितिले ६ महिनाको सेवा करार गरि आवश्यक ठहराएमा पुन करार गर्न सक्नेछ ।

ग. विदाः सार्वजनिक विदाका दिन बाहेक अन्य दिन विद्यालयको शैक्षिक कार्यक्रम अनुसार विद्यालयमा कार्य गर्नु पर्नेछ ।

घ. कुनै पनि संचित विदाको व्यबस्था गरिएको छैन ।

ङ कार्यपालिकाले निर्धारण गरेको सेवासुविधा बाहेक अन्य सेवासुविधा प्रदान गरिने छैन ।

## परिच्छेद ६:

### छनौट समिति गठन

स्वयंसेवक शिक्षण सहायक छनोटको लागि तपसिल बमोजिमको एक छनोट समिति रहनेछ ।

| | |
|---|---|
| क. नगर शिक्षा समितिको संयोजक वा निजले तोकेको व्यक्ति | अध्यक्ष |
| ख.नगरपालिकाको सामाजिक विकास समितिको संयोजक | सदस्य |
| ग. समितिले तोकेको विषय विज्ञ २ जना | सदस्य |
| घ.नगर शिक्षा शाखा प्रमुख | सदस्य सचिव |

समितिले आवश्यकता अनुसार बढीमा २ जना सम्मलाई आमन्त्रित गर्न सक्नेछ ।

समितिको पदावधी स्वयंसेवक शिक्षण सहायक छनोटका कार्य सम्पन्न नभए सम्मका लागि हुनेछ ।

## परिच्छेद ७:

७.विविधः

क. नगरपालिका बाट अन्य व्यबस्था भएमा वा स्थायी शिक्षक पदपुर्ती भएमा स्वत अवकास हुनेछ ।

ख. चित्त बुझ्दो र जवाफदेही कार्य गरेको नपाईएमा कुनै पनि बखत नगर शिक्षा समितिले अवकास दिन सक्नेछ ।

ग. नगर शिक्षा समितिले आवश्यक ठानेमा एक विधालयबाट अर्को विद्यालयमा स्थानान्तरण गर्न सकिनेछ ।

घ. परीक्षा शुल्क नगर शिक्षा समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

ङ. परिक्षा सञ्चालन सम्बन्धि प्रशासनिक कार्य शिक्षा शाखा र अन्य प्राविधिक कार्य स्वयसेवक  शिक्षण सहायक छनौट समितिले गर्नेछ ।

च. शिक्षण सहायक छनौट समिति र संलग्न बिज्ञहरूको पारिश्रमिक नगर शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

छ. परीक्षा सम्बन्धि सुचना प्रकाशित गर्ने, परीक्षा सञ्चालन गर्ने र छनौटका कार्यहरू शिक्षण सहायक छनौट समितिले गर्नेछ ।

ज. शिक्षण सहायक छनौट समितिले योग्यताक्रम अनुसार छनौट भएका सफल उम्मेदवारहरूको सुचि सहितको विबरण नियुक्तिका लागि नगरशिक्षा समितिमा सिफारिस गर्नेछ ।